परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

• वर्ष २ • अंक १७९ • २०८० असोज १ गते सोमबार • (18-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ३।- www.talknepaltv.com

## मिथिलाञ्चलमा 'चौरचन'को रौनक



■ टक नेपाल

जनकपुरधाम । मिथिलाको लोकआस्थाको महान् पर्व चौठचन्द्र आज (सोमबार) मिथिलाञ्चलमा मनाउने तयारी हुँदैछ । भाद्र शुक्ल पक्ष चतुर्थी तिथिमा मनाइने चन्द्रोपासनाको यो पर्वलाई लोकलवजमा चौरचन पनि भनिन्छ । यस तिथिका दिन चन्द्रमा केही बेरका लागि मात्र उदित हुन्छ । चन्द्रोदयको यो दुर्लभताका कारण पर्वका दिन अलक्ष्य चन्द्र भएको जनविश्वास छ । पुराण अनुसार पर्वका दिन चन्द्रमामा कलङ्क लागेको हुन्छ । र, यसबेला चन्द्रदर्शन दोषपूर्ण हुन्छ । त्यसैले यस दिन खीर, पुरी, फलफूल, मिठाइ र दही हातमा लिएर मात्रै चन्द्रमाको पूजाअर्चना गर्दै दर्शन गर्ने परम्परा छ । यो पर्व सूर्यास्तपछि करिब अढाई घण्टासम्म हुने गर्छ । व्रतालुहरू चामल पिठोको घोल (पिठार) बाट आँगनमा अरिपन (शुभ प्रतीक चित्रांकन) तयार गर्छन् । त्यसपछि चन्द्राकार मण्डलमा केराका पात राखी त्यसमा पकवान राख्ने गरिन्छ । मण्डलानजिक केरा, धूपदीप, कलश आदि राख्ने गरिन्छ । पूजामा सामेल पुरुषहरूले मण्डलालाई चारैतिरबाट घेरेर खिरपुरीको प्रसादलाई बिचबाट आधाआधा गरी ग्रहण गर्ने गर्दछन् । जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ की गङ्गादेवी साहले चौरचनको पूजा गर्न थालेको पाँच वर्षभयो । उहाँ भन्नुहुन्छ, "चौरचनका लागि चढाइने सम्पूर्ण सामग्री चोखो र सफा हुनुपर्छ । विशेषगरी यस दिन शुद्ध शाकाहारी पकवान बनाइन्छ । जसमा खीर र पुरी पर्दछन् भने नयाँ माटोका भाँडामा एक दिन पहिले नै दही जमाएर राख्ने गरिन्छ । फलफूलका रूपमा निबु, केरा, हरियो मकै र नरिवल नभई नहुने फलमध्ये पर्छन् भने मौसमी फको पनि यसमा त्यतिकै महत्व मानिन्छ ।" यस दिन फलफूल लिएर मात्रै चन्द्रमाको दर्शन गर्ने परम्परा रही आएको उहाँले बताउनुभयो । त्यसैले चौरचनको पूजा हुने घरका समपूर्ण सदस्यले हातमा फलफूल लिएर मात्रै चन्द्रमाको दर्शन गर्छन् र फलफूल बिना चन्द्रलाई हेर्नुहुँदैन भन्ने मान्यता र हँदै आएको उहाँले बताउनुभयो । संस्कृतिविद् परमेश्वर कापडीका अनुसार मिथिलामा मनाइने महत्त्व पूर्ण लोक पर्वमध्ये एक 'चौरचन' पनि एक हो । मिथिलाको आफ्नै रीति तिथि र लोक व्यवहार छन् त्यसै अनुरुप वैदिक देवता भएर पनि चन्द्रमालाई लोक देवताका रूपमा मान्ने चलन रहँदै आएको छ । उहाँ भन्नुहुन्छ, "चन्द्रमालाई पितृ भावले पिताका रूपमा र प्रकृतिको देवताको रूपमा पुज्ने गरिन्छ । चन्द्रमाले अमृत र जिवनतत्व दिने विश्वासका साथ घरमुली महिलाहरूले आस्तिक भएर लोकनिष्ठका साथ चतुर्थीका दिन चन्द्रमाको पूजा अर्चना गर्ने गर्छन् । समय परिवर्तन सँगै मिथिलाको लोकपर्वका रूपमा रहेको चौरचन आजभोली सबै जातजातीले मनाउँदै आएका छन् ।" यो कुनै विशेष जातीको पर्वको रूपमा नरहेको भन्दै संस्कृतिविद् कापडीले समयसँगै केही परिवर्तन भएपनि आस्था र विश्वास भने अझै पनि उस्तै रहेको बताउनुभयो । यहाँ प्रचलित एक लोककथा अनुसार भगवान् गणेशलाई देखेर चन्द्रमाले अनायास हाँस्नुभयो । यसबाट क्रुद्ध गणेशजीले चन्द्रमा सराप दिनुभयो कि उहाँलाई हेर्नेहरू कलङ्कित हुन्छन् । त्यसपछि चन्द्रमाले भदौ शुक्ल चतुर्थीमा गणेशको पूजा गर्नुभयो । त्यसबाट प्रसन्न गणेशले भाद्र शुक्ल चतुर्थीमा चन्द्रमाको पूजा गर्नेहरूलाई मिथ्या कलङ्क नलाग्ने र सबै मनोरथ पूरा हुने आशीर्वाद दिनुभएको थियो । त्यसअनुसार नै मिथिलाञ्चलमा चौठचन्द्र मनाइँदै आएको छ ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

**सम्पर्क नम्बरहरु**

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

**टक नेपाल राष्ट्रिय दैनिक पत्रिका**

## आज विश्वकर्मा पूजा, फलामे औजारको पूजाआजा गरिँदै

■ टक नेपाल



काठमाडौं । आज असोज १ गते अर्थात विश्वकर्मा पूजा । हिन्दुहरुले विभिन्न फलामे औजार र कलाकार खानाहरुको पुजा आजा गरेर बिश्वकर्मा पूजा मनाउदै छन । आज कलकारखानामा रंगीचंगी पार्नुका साथै बिशेष पूजा पनि गरिन्छ । सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गरेका छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत संभार गर्ने ग्यारेज लगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगो पन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकै को खोला वा नदीमा लगि बिसर्जन गरेपछि विश्विकर्मा पूजा समापन हुन्छ । यो पूजा विशेष गरी मधेशी समुदायले धुमधाम र तामझामका साथ मनाउने गर्दछन् । यसै अवसरमा जनकपुर, महोत्तरीलगायत तराईका विभिन्न जिल्लामा विश्वकर्मा बाबाको भव्य पूजा गरी गरिन्छ । फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाइ आजका दिन बिदा पनि दिने चलन छ । आजका दिन आफनो फलामे औजारको पूजा गर्नाले लामो समय सम्म टिक्ने जनबिश्वास छ ।

## एसिया कप क्रिकेटको उपाधि भारतलाई

■ टक नेपाल



काठमाडौं । एसिया कपको उपाधि भारतले जितेको छ । फाइनलमा घरेलु टोली श्रीलंकालाई १० विकेटले हराउँदै भारतले उपाधि जितेको हो । कोलम्बोमा जितका लागि पाएको ५१ रनको झिनो लक्ष्य भारतले बिना क्षति भेट्टायो । भारतलाई जिताउन इशान किसनले २३ र शुभमन गिलले २७ रन बनाए । उनीहरु दुवै नट आउट रहे । यो भारतको ८औं एसिया कप उपाधि हो । यसअघि कोलम्बोमा टस जितेर पहिले ब्याटिङ रोजेको श्रीलंका १५दशमलव २ ओभरमा जम्मा ५० रन जोड्दा अलआउट भयो । भारतका मोहम्मद सिराज एक्लैले ६ विकेट, हार्दिक पाण्डेले ३ र जसप्रित बुमराहले १ विकेट लिए । सिराजले ७ ओभरमा १ मेडन राख्दै २१ रन खर्चेर ६ विकेट लिए । हार्दिकले २.२ ओभर मा ३ रन मात्र खर्चेर ३ विकेट लिए । बुमराहले ५ ओभरमा १ मेडन राख्दै २३ रन खर्चेर १ विकेट लिए । कुदलिप यदवले १ ओभरमा १ रन मात्र दिए । श्रीलंकाका लागि कुशल मेन्डिसले सर्वाधिक १७ रन बनाए भने दुशान हेमन्था १३ रनमा अविजित रहे । पहिलो ओभरमै जसप्रित बुमराहले कुसल परेरालाई आउट गर्दै भारतलाई राम्रो सुरुवात दिलाएका थिए । त्यसपछि सिराजले खेलको चौथो ओभरमा शानदार बलिङ गर्दै चार विकेट लिए । सिराजले पहिलो बलमा पथुम निसानका, तेस्रो बलमा सदिरा समराविक्रमा, चौथो बलमा चरिथा असलंका र छैटौं बलमा धनन्जय डा शिल्भालाई आउट गरे । खेलको छैटौं ओभरमा सिराजले श्रीलंकाका कप्तान दसुन सनाकालाई बोल्ड गर्दै करियरमै ओडीआई खेलमा पहिलो पाँच विकेट लिए । त्यतिबेलासम्म श्रीलंकाले १२ रन बनाउदा नै ६ विकेट गुमाइसकेको थियो । १२औं ओभरमा सिराजले कुल मेन्डिसलाई बोल्ड गरे । त्यसपछि हार्दिक पाण्ड्याले लगातार तीन विकेट लिए । यसअघि सुपर फोर चरणमा भारतले श्रीलंकालाई ४१ रनले पराजित गरेको थियो ।




Bardibas, Mahottari Mob. 9801131433

## ....सम्पादकीय

# तीज मनाउने शैली परिवर्तन

आधुनिकतासंगै परापूर्वकालदेखि मनाइँदै आएको विभिन्न चाडपर्व मनाउने शैलीमा समेत व्यापक परिवर्तन आउने थालेको छ । बजारका चोक, खुल्ला चउर, चौतारी, बगैंचा, घरका आँगनमा नाचिने-गाउने तीज हिजो आज भने होटल तथा रेष्टुरेण्टमा रौनकताका साथ् मनाउने चलन बढेको छ भने तीजका गीत घन्किने गाउँका चौतारी, चोक, घर आँगन अहिले सुनसानजस्तै बनेका छन् । पार्टी प्यालेस, रेष्टुरेण्ट, होटल व्यवसायीलाई दर खुवाउन तीजका बेला भ्याइनभ्याइ हुने गर्छ । नयाँ पहिरनमा सजिएर आमा समूह, महिला समूह तथा विभिन्न समूहमार्फत दर खाने र र माउनेको जमात बढ्दो छ । यसरी तीज मनाउँदा चर्को घाममा बसेर खाना पकाउने झन्झट गर्न नपर्ने, होटलमा तयारी अवस्थामा रहेका खानेकुरा खान पाइने भएकाले निकै सजिलो हुने गरेको अधिकांश महिलाहरू बताउँछन् । पहिले-पहिले गाउँका चौतारी, प्रतिक्षालय, आमा तथा महिला समूहका भवनमा दरका परिकार तयार पारी एक-आपसमा शुभकामना आदान-प्रदान गर्दै समूहमा रमाइलो गर्दै तीज मनाइन्थ्यो । तर पछिल्लो समय अरुको देखावटी गर्ने प्रवृत्ति बढेको छ । पार्टी प्यालेसमा गएर तीजमा महिलाले दुःख र वेदनाका गीतमा नृत्य प्रस्तुत गर्दा ठाउँ र परिवेश अनुसार सुहाउँदो नभएको अहिले धेरैले सामाजिक सञ्जालमा टिप्पणी गरिरहेका छन् । सामाजिक सञ्जालमा होटल तथा रेष्टुरेण्टमा महँगा लत्ताकपडा, गरगहनामा सजिएर दर खाँदै महिलाहरुले ‘जेलैमा हो जेलैमा चरी जेलैमा, मै छोरी रुदै रुदै बेसी मेलैमा’ बोलको गीतमा नृत्य गर्दा गीतको मर्म अनुसार उचित नभएको धेरैको टिप्पणी छ । गाउँकै चौतारी, बगैंचाको शीतल छहारीमा महिला जम्मा भएर पकाउने, खाने, गाउने नाच्ने गर्दा छुट्टै आनन्द आउने गरेको केही महिला बताउँछन् ।

# नेपाली महिलाको हत्या आरोपमा भारतीय सेनाका लेफ्टिनेन्ट कर्णेल पक्राउ



■ टक नेपाल

काठमाडौं । भारतीय सेनाका लेफ्टिनेन्ट कर्णेल नेपाली महिलाको हत्या आरोपमा पक्राउ परेका छन्। पक्राउ पर्नेमा लेफ्टिनेन्ट कर्णेल रमेन्दु उपाध्याय रहेका छन् । देहरादुन प्रहरीका अनुसार दुईबीच प्रेम सम्बन्ध सुरु भएपछि उपाध्यायले शर्मालाई आफूसँगै देहरादुन लिएर आएका थिए । उनीहरुबीच उत्तराखण्डको देहरादुनमा पोस्टिङमा रहेका बेला एक डान्सबारमा भेट भएको थियो । ३० वर्षीया शर्मा सिलिगुरीमा नै बस्दै आएकी थिइन् । उपाध्याय र नेपाली महिला श्रेया शर्माबीच प्रेम सम्बन्ध रहेको थियो । डान्सबारमा भेटपछि दुईजनाको अफेयर तीन वर्ष चलेको थियो । देहरादुनमा उपाध्यायको पोस्टिङ भएपछि उनलाई सँगै त्यहाँ लगेर कोठा लिएर राखेका थिए । शनिबार एक क्लबमा रक्सी पिएर दुवै जना लामो ड्राइभमा हिँडेका थिए । शर्माको शव सोमबार सिर्वालगढ क्षेत्रमा शंकास्पद अवस्थामा फेला परेको थियो । प्रहरीले २४ घण्टाभित्र नै अपराधीलाई पक्राउ गर्न सफल भएको जनाएको छ । पहिले नै विवाहित रहेका उपाध्यायलाई विवाह गर्न दबाब दिएपछि शर्माको हत्या भएको प्रहरीको भनाइ छ । उपाध्यायलाई उनकै निवासबाट पक्राउ गरिएको थियो । सहरभन्दा टाढा एकान्त ठाउँमा पुगेपछि राति करिब १:३० बजे उनले कार रोकेर हथौडाले महिलाको टाउको हिर्काउन थालेका थिए । शर्माको मृत्यु भएपछि उपाध्यायले उनको शवलाई सडक छेउमा फालेर फरार भएका थिए । प्रहरीसँगको बयानमा उनले शर्मासँग आफ्नो विवाहे तर सम्बन्ध रहेको र उनले विवाह गर्न दबाब दिएकै आधारमा हत्या गरेको स्वीकार गरेका छन् ।




अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर

www.talknepaltv.com

बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)



प्रो. राम किसुन चौधरी मो. ९८४४०५१२७७, ९८१५८७३१७७

श्री जयसी बाबा ग्याँस पसल

क्षीरेश्वरनाथ-५, महेन्द्रनगर सखुवा रोड

एन.एल + ग्याँस वानको अधिकृत बिक्रेता




यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरु पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईटर मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ।


# सहिदको सपना माओबादी केन्द्रले साकार पार्नेः मौलाना मशहूद




■ टक नेपाल

कपिलवस्तु । कपिलवस्तु जिल्लाको विजयनगर गाँउ पालिका वडा नं ७ गणेशपुरमा आज नेकपा माओबादी केन्द्रको जनता संग माओबादी विशेष रूपांतरण अभियान कार्यक्रममा सम्पन्न भएको छ । नेकपा माओबादी केन्द्रका विजयनगर गाँउ पालिका अध्यक्ष नूरूल खानको अध्यक्षता, प्रमुख अतिथिमा नेकपा माओबादी केन्द्रका स्थायी समिति सदस्य तथा पूर्व युवा तथा खेल्कुद मन्त्री महेश्वर जंग गहतराज (अथक), विशिष्ट माओबादी केन्द्रका केन्द्रीय सल्लाहकार एहसान अहमद खान, नेकपा माओबादी केन्द्रका लुम्बिनी प्रदेश कमिटी सदस्य मौलाना मशहूद खां नेपाली, नेकपा माओबादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य रूद्र लाल बन्जाडे, अतिथिमा नेकपा माओबादी केन्द्र कपिलवस्तु जिल्ला संयोजक बिष्णु प्रसाद बेल्बासे, नेकपा माओबादी केन्द्रका कपिलवस्तु जिल्ला सचिव हजरत अली लगायत रहेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि अथकले मधेसी जनता बिना वर्दीका सिपाही हुन। कार्यक्रममा बोल्दै रूद्रलाल बन्जाडेले शुसासन, सामाजिक न्याय र समृद्धिका लागि अघि बढ्नुपर्ने, भ्रष्टाचार विरूद्धको अभियान सबै जनसमुदाय मिलेर लाग्नुपर्ने, मुश्लिम, मधेसी, महिला, दलित लगायतका हक अधिकारका निम्ति संगठीत भइ लाग्नुपर्ने बताए। कार्यक्रममा बोल्दै नेकपा माओबादी केन्द्रका केन्द्रीय सल्लाहकार एहसान अहमद खानले पार्टीका राष्ट्रीय अध्यक्ष पुष्प कमल दहाल ( प्रचण्डले ) पार्टीका साथीहरूलाई गरीब जनताको घरघरमा पुगेर पार्टी लाई थप मजबूत बनाई जनताको भलाईको काम गर्न निर्देशन गरे बमोजिम आफूहरू काम गरि रहेको बताए। कार्यक्रममा बोल्दै प्रदेश सदस्य मौलाना मशहूद खां नेपालीले कार्यक्रममा उपस्थित सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै विजयनगरको गणेशपुरमा माओबादी केन्द्रका साथीहरू संघर्ष गरेको ठांउ तथा इतिहास बोकेको ठांउ रहेको बताउदै सरकार माओबादी केन्द्रकै नेतृत्वको सरकारले सहिद हरूको सपना साकार गरेर छाड्ने बताए। कार्यक्रममा बोल्दै बिष्णु प्रसाद बेल्वासेले हिजो पनि माओबादी जनताको अधिकार दिलाउन लडेको थियो आज पनि जनता लाइ पूर्ण अधिकार दिलाउनका लागि निरन्तर संघर्षमा नियमित लागेको बताए। कार्यक्रममा बोल्दै हजरत अलीले माओबादी केन्द्रले मुस्लिम, मधेसी लगायत सबैको अधिकार दिलाएको छ हाम्रो पार्टीको बारेमा जो संग जति पनि छलफल गर्न सक्ने बताए। कार्यक्रममा बोल्दै कार्यक्रमका अध्यक्ष नुरुल खानले माओबादी केन्द्र विजयनगरमा कमजोर हुने छैन्। अब विजयनगर माओबादी केन्द्रमै हुने जिक्र गरे। कार्यक्रममा विजयनगर गाँउ पालिकाका लगभग सयौंको संख्यामा अरू पार्टी परित्याग गरि माओबादी केन्द्रमा प्रवेश गरेको आयोजकले जनाएको छ। कार्यक्रम संचालन सुदिप सारूले गरेका थिए।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रोकिएका काम पुनः प्रारम्भ हुनेछन् । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । | तुला | खर्चिलो काम गर्नुपर्ने हुँदा धेरै रकम जुटाउनुपर्ला । ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ । |
| बृष | अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ । तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला । | वृश्चिक | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । |
| मिथुन | देखेको विषयमा बोल्ने बानीले बित्थैमा दुःख पाइनेछ । अरूको आक्षेप सहनुपर्ने हुन सक्छ । | धनु | पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ । |
| कर्कट | नयाँ काम प्रारम्भ गर्न सकिनेछ र सोचेजस्तै सफलता पनि मिल्नेछ । | मकर | मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । तर अवसरका साथ केही चुनौतीसमेत देखापर्ने छन् । |
| सिंह | अध्ययनमा प्रगति हुनेछ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ । | कुम्भ | अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । |
| कन्या | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । | मीन | धेरै बोल्दा समस्या आउन सक्छ । हातमा आएको र कम अरूका लागि खर्चनुपर्नेछ । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# अत्यावश्यकीय बस्तुको सहज आपूर्ति व्यवस्था मिलाउन सरकारलाई समितिको निर्देशन

**टक नेपाल**

काठमाडौं । उद्योग तथा वाणिज्य श्रम तथा उपभोक्ता हित समितिले, चाडपर्वको बेला आपूर्ति व्यवस्थालाई सहज पार्न आवश्यक सहजिकरणका लागि अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । चाडपर्व लक्षित बजार अनुगमन र आपूर्ति व्यवस्था सम्बन्धी उद्योग तथा आपूर्ति मन्त्रालयले तयार गरेको प्रस्तावलाई कार्यान्वयन गर्न अर्थमन्त्रालयलाई निर्देशन दिएको हो । आइतबार उद्योग तथा वाणिज्य श्रम तथा उपभोक्ता हित समितिको बैठकमा समिति सभापति अब्दुल खानले उद्योग तथा आपूर्ति मन्त्रालयले बजार माग अनुसारको परिमाणमा वस्तु आयात गर्दा अर्थ मन्त्रालयसँग कर छुट मागेको प्रति समितिको ध्यानाकर्षण भएको बताए । उनले समितिले अर्थमन्त्रालयलाई सहज आपूर्ति व्यवस्था मिलाउन तथा मूल्य अभिवृद्धिकर पूरै छुट गरी भन्सार महसुल १ प्रतिशत कायम गर्न निर्देशन दिए । 'नजिकिँदै गरेको चाडपर्वको समयमा चिनी, चामल र गहुँ लगायतका अत्यावश्यक वस्तुहरुको अभाव हुन नदिन र मूल्य नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था मिलाउन र सहुलियत मूल्यमा बिक्री वितरण गर्न उद्योग वाणिव्य तथा आपूर्ति मन्त्रालयबाट भन्सार महसुल छुटका लागि अर्थ मन्त्रालयमा सहमति माग गरीएकोमा बजार माग अनुसारको परिमाणमा वस्तु आयातको लागि सहमति नपाएकोमा समितिको ध्यानाकर्षण भएको छ ।' समितिका सभापति अब्दुल खानले भने । समितिले, बजार अनुगमनलाई चुस्त बनाउन समेत निर्देशन दिएको छ । खानले भने 'चाडवाडका अवसरमा बजारको माग अनुसारको परिमाणमा उक्त मन्त्रालयबाट माग भए अनुसार मूल्य अभिवृद्धि करमा पुरै छुट गरी १ प्रतिशत भन्सार महसुल लिने गरी आयातको सहमति उपलब्ध गराउन अर्थमन्त्रालयलाई निर्देशन गरिएको छ । चाडपर्वको समयमा बजार अनुगमनलाई चुस्त पार्न आवश्यक स्रोत साधन र जनसक्ति मिलाउन समेत सरकारलाई निर्देशन गरिएको छ ।' त्यस्तै समितिले ठूला चाडपर्वको समयमा उपभोग्य वस्तुमा हुने गरेका कालो बजारी, मिसावट,कृतिम अभाव, कार्टेलिङ सिन्डिकेट र मूल्य वृद्धि लगायतका विषयमा देशका विभिन्न स्थानहरुमा समितिले नै स्थलगत अनुगमन गर्ने समेत निणर्य गरेको छ । बजार अनुगमनको लागि समिति सभापतिको नेतृत्वमा समितिको चार जना सदस्यहरु अन्य दुई जना कर्मचारीको टोलीले बजार अनुगमन गर्ने व्यवस्था मिलाउने निणर्य भएको सभापति खानले बताए ।

# सरकार निर्लज्ज भएर सुन तस्करीलाई जोगाएको एमाले अध्यक्ष ओलीको आरोप

**टक नेपाल**




काठमाडौं । एमाले अध्यक्ष केपी शर्मा ओलीले, ६० केजी सुन तस्करी प्रकरणमा सरकारले निर्लज्ज र बेसरम भएर तस्करी लाई जोगाएको दाबी गरेका छन् । आइतबार ललितपुरमा आयोजित 'बढ्दो महंगी र उपभोक्ताको हितको सबाल बिचार गोष्ठिमा' उनले सरकारले सुन तस्करी प्रकरणका मुख्य दोषीलाई भगाउन सरकारले मद्दत गरेर निर्लज्जता देखाएको बताए । उनले भने 'भएको त्यो होनि सरकार त निर्लज्ज भएर बेसरम भएर सुन बुझ्न गएको मान्छेलाई कस्को सुन हो ?के हो ?कहाँबाट आयो ?कसले पैसा हाल्यो ? त्यो कुराको सोधि खोजी नगरी कहाँ लिएर जाँदै थियो त्यो पनि नसोधिकन छोड्यो होला त ?' उनले भाटभेटेनीका सञ्चालकलाई समातेको तथा कांग्रेसका सांसदलाई विना पूर्जि पक्राउ गरेको भन्दै थपे, ' एक सय केजी सुनसहित पक्राउ परेको एउटा सुन बुझ्न आएको मान्छे र लिएर जाने ट्याक्सी ड्राइभर त्यस्ता निश्चित मान्छे हरु थिए उनीहरुलाई राजस्वमा पुर्याएर खोजेका बेला हाजिर हुन्छु भनेर भगाइयो । भगाएकै हो त्यो । नत्र तपाइँहरु अनुमान गर्नुहोस् त मिनबहादुर गुरुङ भाग्छ भनेर समातिने, सुनिल शर्मा भाग्छ भनेर अचानक पक्रिने । सरकारलाई सर्टिफिकेट हेर्न पर्यो रे त्यसकारण माननीय भाग्छ भनेर पूर्जी न आदेश पहिल्यै समात्यो ।' ओलीले सरकारले तस्करलाई भगाउन सबै व्यवस्था गरेपछि सबै मिलाएपछि जाँच गरेको जस्तो देखाएको भन्दै थपे 'अनि सुन तस्कर चाँही भाग्दैन, परेको बेलामा हाजिर हुन्छु भनेर छोडियो । आजदेखि पर्सि सम्म सबै मिलाइ सकेपछि मान्छे भाग्ने भागिसके सीमा काट्ने काटिसके, लुकाउने कुरा लुकाइसकियो पर्सि पल्ट गएर छापा मारेर ६५ ओटा खाली बक्सा जसमा बोकिएको थियो । सामान ति ६५ बाकस भेटिए तर खाली तीन दिनपछि जाँदा ड्राइभर र सुन बुझ्न जाने मान्छेलाई छोड्दिएर ल गएर सबै भगाउ मिलाउ सबै लुकाउ भनेर पठाएपछि अनि भेटिन्छ ?

# विराटनगरका निश्चित क्षेत्रमा मोरङ प्रशासनद्वारा निषेधित क्षेत्र घोषणा

**टक नेपाल**




विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरलाई केन्द्र बनाएर मोरङ प्रशासनले निषेधित क्षेत्र घोषणा गरेको छ । जिल्ला प्रशासन कार्यालय मोरङले असोज १ गतेदेखि निश्चित क्षेत्रमा २ महिनासम्म सभा जुलुस गर्न नपाइने जनाउँदै निषेधित क्षेत्र घोषणा गरेको हो । प्रमुख जिल्ला अधिकारी वीरेन्द्र कुमार यादवद्वारा आइतबार जारी सूचनामा विराटनगर महानगर पालिकालाई केन्द्रविन्दु बनाएर विविध समूहबाट विरोध, धर्ना, जुलुस आयोजना गरिएको जनाउँदै असोज १ गते बिहान ६ बजेदेखि २ महिना सम्मका लागि निषेधित क्षेत्र तोकिएको हो । प्रदेशसभा पूर्व देवकोटा चोकदेखि पश्चिममा कोशी अस्पताल चोक क्षेत्र, मुखयमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रोडशेष चोकदेखि दक्षिण जतुवा चोक क्षेत्र, मुख्यमन्त्री निवासको ३ सय मिटर वरपरको क्षेत्र, प्रदेश प्रमुखको कार्यालयबाट ३ सय मिटर वरपर एवं जिल्ला प्रशासन कार्यालय मोरङको डाँफे चोकदेखि पूर्वलाई निषेधित क्षेत्र तोकिएको छ । निषेधित क्षेत्रमा कुनै पनि किसिमको सभा, जुलुस, भेला, र्‍याली, धर्ना गर्न निषेध गरिएको हो । निषेधाज्ञा उल्लंघन गरिए कानूनबमोजिम कारबाही हुने प्रशासनले जनाएको छ । प्रदेशको नामकरण 'कोशी' गरिएसँगै पहिचानवादी संगठनहरुले विरोध प्रदर्शन गर्दै आएका छन् । 'प्रदेश नं. १ पुनः नामाकरण संयुक्त संघर्ष समिति' ले असोज २ गते विराटनगरमा वृहत मोटरसाइकल र्‍याली आयोजना गर्ने जनाउँदै आएको छ । प्रदेश नामकरणको विरोधमा रहेका संगठनहरुले विगतमा पनि विरोध प्रदर्शन गर्दै आएका थिए । केही समय स्थगित आन्दोलन फेरि अघि बढाउने ती संगठनले जनाउँदै आएका छन् ।

# सुर्तीजन्य पदार्थमा कर बढाउन आवश्यक छ : सांसद चौधरी

**टक नेपाल**




काठमाडौं । नेपाली कांग्रेसका सांसद तेजु लाल चौधरीले, सुर्तीजन्य पदार्थमा कर बढाउन आवश्यक रहेको बताएका छन् । आइतबार काठमाडौंमा आयोजित नेपाल अर्बुद रोग निवारण संस्थाको ४१ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै, उनले सुर्तीजन्य पदार्थमा कर नबढाएसम्म देशको उत्पादन बन्द गर्न नसकिन भन्दै कर बढाउन आवश्यक रहेको बताएका हुन् । उनले भने, 'सुर्तीजन्य पदार्थको ट्याक्स बढाउने कुरा अगाडि बढिरहेको छ । जब सुर्तीजन्य पदार्थको ट्याक्स बढाउन सकिँदैन । तबसम्म हाम्रा सुर्तीजन्य पदार्थको उत्पादन बन्द हुन सक्दैन् । यही ट्याक्सबाट हामीले धेरै उपलब्धि हासिल गर्न सक्छौं ।' उनले सरकारले गर्नु पर्ने जति काम अझै पनि गर्न नसकेको स्वीकार गरे । बजेट आउनुभन्दापहिले तीन चार महिना व्यापक रुपमा लाग्दा अहिलेसम्म पनि सफलता पाउन नसकेको उनको गुनासो छ ।

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोतरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स–रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मधेश प्रदेशकै एक मात्र प्रतिष्ठित सामुदायिक क्याम्पस
बर्दिबास जनता बहुमुखी क्याम्पस
मा शैक्षिक सत्र २०८०/०८१ को लागि BBS र B.Ed प्रथम वर्षमा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।
अध्यापन हुने सङ्कायहरु :
१. Management (अंग्रेजी र नेपाली माध्यम)
२. Education
→ Major English → Major Population
→ Major Nepali → Major Health
→ Major Math
३. Masters in Education Semester System
→ Nepali & Health
कक्षा सञ्चालन : २०८० भदौ १० गतेदेखि
MBS Proposed
हाम्रा विशेषताहरु :
१. उत्कृष्ट तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने सफल सामुदायिक क्याम्पस
२. दक्ष तथा अनुभवी प्राध्यापकहरुद्वारा अध्ययन अध्यापन गराईने
३. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था
४. सुविधा सम्पन्न भवन तथा अनुशासित वातावरण
५. आन्तरिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई विशेष छुटको व्यवस्था
६. पुस्तकालयको राम्रो व्यवस्था भएको
विस्तृत जानकारीका लागि
9861018766, 9842876871
बर्दिबास न.पा.-१४, महोतरी

# मुखै रसाउने खजुरीको प्याजी



■ टक नेपाल

जनकपुरधाम । जनकपुरबाट रेल चढेर भारतको जयनगरसम्म यात्रा गर्ने क्रममा पाँचौ स्टेसन हो खजुरी। हुनत खजुरी अन्य धेरै कारणले प्रख्यात छ तर, यहाँ पुग्नेबित्तिकै सबैभन्दा पहिला याद आउँछ मिठो प्याजीको सिँगै प्याजलाई बडो कलात्मक रूपमा काटेर, त्यसभित्र मरमसला हाली, लप्पक बेसनमा चोपेर, तोरीको तेलमा तारेपछि मुखै रसाउने प्याजी तयार हुन्छ। हुनत प्याजी मधेसका अधिकांश नास्ता पसलहरूमा खान पाइन्छ। तर, खजुरीको प्याजीको स्वादै बेग्लै छ। एकपटक खजुरीको प्याजी खाएकाहरू पटक-पटक खान आउँछन् । खजुरी स्टेसन पछाडि ५५ वर्षीय मोहन यादवको पुस्तेनी प्याजी पसल छ। हुनत यो पसल अहिले स्टेसनको नयाँ संरचनाका कारण अस्तव्यस्त बनेको छ तर, प्याजी भने पुरानै शैलीमा यहाँ बनाइन्छ। मोहन र उनकी पत्नी बेचनी यादवलाई प्याजी बनाउन दिनभरी भ्याइनभ्याइ हुन्छ । कामको चाप धेरै भएर उनले गाउँकै एकजना नातेदार काममा सहयोगी पनि राखेका छन् । मोहनको पुरै परिवार यही प्याजी पसलको कमाइबाट चलेको छ । मोहनका बुवा बौकु यादव पनि खजुरी स्टेसनमा प्याजीकै पसल चलाउँथे। बौकुले चलाउन थालेको प्याजी पसल खजुरीकै पहिलो रहेको दाबी मोहन गर्छन्। २०४५/०४६ सालतिर बौकुले खजुरी स्टेसनमा मुरही, कचरी पसल चलाएका थिए। त्यतिबेला स्टेसनमा आएर भारतका एक हलुवाइले पनि नास्ता पसल थापे। उनैले प्याजी र दहीबरा बनाएर बेच्न थाले। ती भारतीय हलुवाइको देखासिखी गर्दै बौकुले पनि प्याजी बनाउन थाले र पछि बौकुको प्याजी पसल निकै प्रख्यात भयो। उनको देखासिखी गर्दै अन्य नास्ता पसलेहरूले पनि प्याजी पसल चलाउन थालेका हुन्। सो बेला प्याजीको दाम मात्रै ३५ पैसा थियो । करिब सय वर्ष पुरानो दोकानलाई मोहनले पनि निरन्तरता दिए । 'घरव्यवहार सबै यो प्याजी पसलले नै चलेको छ । म सानै देखि बुवासँगै दोकानमा बस्थेँ। बुवाले प्याजी बनाउनु हुन्थ्यो । हामी तीन दाजुभाइ सानो छँदा रेलका यात्रीहरूलाई प्याजी बेच्थ्यौं तर, बुवा बितेपछि अन्य दाजुभाइहरूले यो पेशालाई निरन्तरता दिनु भएन। सबै छुट्टै कामहरूमा लागे म चाहि बुवाको कामलाई नै अगाडि बढाएँ । विवाह गरेर श्रीमती ल्याएपछि उनले पनि प्याजी बनाउन सिकिन र अहिले दुवैजनाले पसल चलाएका छौं,' मोहनले सुनाए, 'बीचमा रेल बन्द हुँदा यो पसल पनि बन्द भएको थियो । हाम्रो पुरानो पसल रेल विस्तारको बेला भत्कियो। त्यसपछि छाप्रो बनाएर कहिले एक, ठाउँ त कहिले अर्को ठाउँ सर्दै जेनतेन व्यापार गरेका थियौं तर, अहिले फेरी रेल चल्न थालेपछि व्यापार पनि चलेको छ,' मोहनकी पत्नी बेचनीले सुनाइन्। २० रुपैयाँ प्रतिपिस पाइने प्याजी खान रेलका यात्री मात्रै नभइ खजुरी गाउँ आउने जोकोही पनि स्टेशन पुग्ने गरेको मोहनले सुनाए। मोहनकै पसल छेउमा रहेको भोला साहको पसल पनि निकै पुरानो छ । उनका बाउबाजेले पनि पुस्तौदेखि प्याजी बनाएरै घरपरिवार चलाएका थिए । भोलाले पनि पुरानै पेशालाई निरन्तरता दिएका छन् । खजुरी स्टेशनमा बेचिने प्याजीका पारखी यस मार्गबाट यात्रा गर्ने अधिकांश यात्रुहरू छन्। कति त निकै पुराना प्याजीको स्वाद पाएकाहरू पनि छन् जसले अहिलेको प्याजीमा पहिलाको जस्तो स्वाद नरहेको दाबी गर्छन् । 'पहिला-पहिला मसलाहरूमा निकै स्वाद हुन्थ्यो, प्याजीमा प्रयोग गरिने सबै मसलाहरू सिलौटामा पिसेको हुन्थ्यो तर, अहिले सबै प्याकेटका मसलाहरू प्रयोग हुन्छ अनि स्वाद पनि कम भएको छ,' खजुरीको प्याजीका पारखी रामसोभित साह भन्छन्, 'अहिलेको बेसन, तेल सबैमा मिलावट छ। तर, जे भएपनि खजुरीको प्याजीको जति स्वाद अन्य ठाउँको प्याजीमा छैन ।'

# अख्तियारमा उजुरी परेपछि वीरगञ्जका ७ सय ३८ कर्मचारीको जागिर चट !

■ टक नेपाल




वीरगञ्ज । वीरगन्ज महानगर पालिकामा कार्यरत ७३८ जनाको जागिर खोसिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयमा उजुरी परेपछि महानगरपालिकाले भदौ २७ गते बुधबारदेखि लागु हुने गरी ती कर्मचारीलाई कामकाजमा नलगाउन आदेश जारी गरेको हो। महानगरपालिकाले जारी गरेको पत्रमा सबै वडा कार्यालय, महाशाखा, उपशाखा, एकाइ प्रमुख, स्वास्थ्य चौकी, केन्द्रका कार्यालयमा स्थायी र करारमा कार्यरत रहेका कर्मचारीबाहेकका कसैलाई पनि कामकाजमा नलगाउने भनिएको छ । यस्तो पत्र जारी भएपछि विभिन्न मिति र विभिन्न तहमा नियुक्ति पाएका ज्यालादारी कर्मचारीको जागिर सकिएको छ । महानगरपालिकाको प्रशासन महाशाखाका अनुसार नियुक्ति पाएकामध्ये सरसफाइमा १९२, कम्प्युटर अपरेटर ११५, कार्यालय सहयोगीमा ७४, नगर प्रहरी ६६, हलुका सवारीचालक ५३, ट्याक्टरचालक ५३, फायर म्यान ४०, सुपरभाइजर ३३, कुली २०, बिजुली मिस्त्री १९, सबइन्जिनियर १४, गार्ड १२, नाइके आठ, अमिन सात, हेभी सवारीचालक पाँच, माली चार, चेनम्यान दुई र स्टाफ नर्स एक गरी ७१८ छन् भने २० जनाको हाजिरी आउन बाँकी रहेको छ। लेखा शाखाका स्रोतका अनुसार ७३८ कर्मचारीलाई हटाएपछि मासिक लगभग दुई करोडभन्दा बढी आर्थिक व्ययभारबाट महानगर पालिकाले उन्मुक्ति पाएको छ । दैनिक ज्यालादारीका कर्मचारी २०७९ साल असोज र केहीले कात्तिकमा नियुक्ति पाएका थिए । लगभग ११ महिनाको अवधिमा महानगरपालिकाले २० करोड रुपियाँको हाराहारीमा तलबमा खर्च गरिसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडा कार्यालयका शाखा अधिकृत राजन रायले वीरगन्ज महानगरपालिकामा ठुलो सङ्ख्यामा आवश्यकता भन्दा बढी दैनिक ज्यालादारीमा कर्मचारी भर्ना गरी आर्थिक व्ययभार थपिएको उजुरी परेपछि प्रक्रियागत रूपमा नियुक्ति भएको नभएको छानबिन गरिरहेकाले सबै कुरा छानबिनकै क्रममा रहेकोले थप बताउन नसकिने बताए । नगर प्रमुखमा निर्वाचित भएर आएका प्रमुख राजेशमान सिंहले निवर्तमान नगर प्रमुख विजयकुमार सरावगीको कार्यकालमा नियुक्ति पाएका लगभग चार सय कर्मचारीलाई एकै पटक हटाएका थिए । भागबन्डाको आधारमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सङ्घीय सांसद, प्रदेश सांसदलगायत विभिन्न राजनीतिक दलका जनप्रतिनिधि र अन्य प्रभावशाली व्यक्तिको दबाबमा महानगर पालिकालाई भर्ति केन्द्र बनाएर निजी स्वार्थका लागि गरिएको नियुक्तिले विकास निर्माणको काम प्रभावित भई विकास निर्माणको ठुलो रकम तलबभत्तामा खर्चिनु परेको महानगर पालिका स्रोत र सर्वसाधारण नगरवासीको भनाइ छ ।




"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : रोशन कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com